सुधारका लागि– स्कूल घटाऊँ, प्रअको योग्यता बढाऊँ !



देवेन्द्र उप्रेती

सामुदायिक विद्यालयका कुल २४ हजार ८३९ प्रधानाध्यापकमध्ये करीब ४४ प्रतिशतको शैक्षिक योग्यता आईए वा सोभन्दा कम छ। त्यसैगरी, प्रावि तहका १३ हजार ८६५ प्रअमध्ये करीब ६१ प्रतिशतको शैक्षिक योग्यता आईए वा सोभन्दा कम देखिन्छ। करीब २ हजार प्रअको योग्यता त कक्षा १० या सोभन्दा पनि कम छ।

नेपालका विभिन्न भूभागमा अहिले पनि कैयौं अब्बल सामुदायिक विद्यालय छन्। यी विद्यालयमा बालबच्चा भर्ना गर्नका लागि अभिभावकको भीड लाग्छ। तिनमा पढ्न पाएकोमा विद्यार्थी गर्व गर्छन्। शिक्षण पेशाप्रति शिक्षकमा जाँगर-उत्साह छ। र, आफ्ना विद्यार्थीप्रति उनीहरूमा गहिरो जिम्मेवारीबोध समेत देखिन्छ।

तर, देशका अधिकांश सामुदायिक विद्यालयको अवस्था यो भन्दा ठीक विपरीत छ। जहाँ अनेक कारणले नियमित पठनपाठन हुँदैन, पर्याप्त शिक्षक/कर्मचारी छैनन्, जेजति शिक्षक/कर्मचारी छन् उनीहरू बीच समेत गतिलो 'टीमवर्क' छैन। स्कूलको भौतिक पूर्वाधार कमजोर छ। विद्यालयको आफ्नै आन्तरिक स्रोत छैन अथवा विद्यालयको स्वामित्वमा भएका चल-अचल सम्पत्ति (विशेषगरी जग्गाजमिन, पोखरी, बगैंचा) को पनि उचित उपयोग गर्न समेत तिनले सकेका छैनन्। अरूको कुरा छोडौं, अधिकांश शिक्षक-कर्मचारीले समेत आफ्ना सन्तान सामुदायिकमा होइन, निजी स्कूलमा भर्ना गरेका छन्। सबैभन्दा चिन्ताको विषय– समाजमा सामुदायिक विद्यालयको प्रतिष्ठा क्रमशः क्षयीकरण हुँदै गएको छ।

सामुदायिक विद्यालय कमजोर हुनुका थुप्रै ऐतिहासिक कारण छन्। विद्यालय कुन भूभागमा छ ? विद्यालय कहिले स्थापना (२०२८ साल अघि कि पछि) भएको हो ? विद्यालयमा योग्य शिक्षकको पर्याप्तता के कस्तो छ? विद्यालय सञ्चालन प्रक्रियामा विद्यालय स्थापना गर्ने समुदायको भूमिका अहिले के कस्तो छ? र, विगतमा विद्यालय सञ्चालनको 'संस्थागत परिपाटी' के-कस्तो थियो भन्ने कुराले तत्तत् विद्यालयको स्थिति ठम्याउन मद्दत गर्छन्। संक्षेपमा भन्दा सार्वजनिक शिक्षाका प्रमुख अवयवका रूपमा देशैभर छरिएर रहेका यी सामुदायिक विद्यालयका आफ्नै खाले 'विशिष्टता' छन्। त्यसैले नेपालको सार्वजनिक शिक्षा सुधार गर्न बहुल र धेरै हदसम्म 'स्थानिक' (लोकलाइज्ड) रणनीति अख्तियार गर्नु जरूरी देखिन्छ।

यति हुँदाहुँदै पनि, सार्वजनिक शिक्षामा देखिएका मोटामोटी केही साझा समस्याबारे मात्र यो लेखमा विवेचना गरिएको छ। ती हुन् : **पहिलो**, शिक्षामा राज्यको न्यून लगानी; **दोस्रो**, पछिल्लो समय समाजमा वर्गीय रूपमा विकसित भएका समानान्तर दुई–सामुदायिक र निजी–शिक्षा प्रणाली; **तेस्रो**, सामुदायिक विद्यालयको अधिक संख्या; **चौथो**, सामुदायिक विद्यालयका प्रअ/शिक्षकको कमजोर शैक्षिक योग्यता र **पाँचौं**, सामुदायिक विद्यालय संरचनाभित्र रहेका विभेद एवं असमानताका पत्रैपत्र।

शिक्षामा न्यून लगानी

विद्यालय शिक्षामा लगानी बढाउनुपर्ने मुद्दा बारम्बार उठे पनि सार्वजनिक शिक्षा तीन वटै सरकारको प्राथमिकतामा परेको देखिदैन। गएको एक दशकयता संघीय कुल बजेटमा शिक्षामा विनियोजन भएको रकम ११ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ। त्यसैगरी, संविधानमा विद्यालय शिक्षा स्थानीय सरकारको मातहतमा भए पनि सामुदायिक विद्यालयको सबलीकरणका लागि आवश्यक स्रोत के कसरी जुटाउने भन्नेमा उनीहरूको कुनै योजना देखिदैन। अपवाद बाहेक, अधिकांश स्थानीय सरकारहरूले आफ्नो कुल बजेटको २-३ प्रतिशत रकम पनि शिक्षामा खर्चेका छैनन्। जबकि सार्वजनिक शिक्षालाई रूपान्तरण गर्न देशको कुल बजेटको न्यूनतम २० प्रतिशत विनियोजन हुनु जरूरी ठानिन्छ। तर स्रोत नभएर भन्दा पनि राज्यको प्राथमिकता नपरेका कारण सार्वजनिक शिक्षामा अहिले आवश्यक लगानी जुट्न नसकेको देखिन्छ।

समानान्तर दुई वर्गीय शैक्षिक प्रणाली

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालको शैक्षिक प्रणालीमा सार्वजनिक र निजी धारको विस्तार अरू तीव्र भयो। २०४६ पछि शिक्षामा निजी लगानीका 'एक्टरहरू' प्रवेश गरे। शिक्षामा लगानी गरिरहेका विश्व बैंक र एशियाली विकास बैंक जस्ता दातृ निकायले समेत शिक्षाको निजीकरणलाई प्रोत्साहन गरे। फलस्वरूप, शिक्षामा तीव्र रूपमा निजीकरण भयो। २०४७ सालतिर संस्थागत (निजी) विद्यालयमा पढ्ने विद्यार्थीको हिस्सा करीब ७ प्रतिशत थियो। त्यसको करीब २४ वर्षपछि, २०७१/७२ सालमा कुल स्कूले विद्यार्थीमध्ये करीब १७ प्रतिशत संस्थागत र ८३ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा पढ्न जान्थे। २०८२/८३ सालमा कुल स्कूले विद्यार्थीमध्ये करीब ३८ प्रतिशत संस्थागत र बाँकी (६२ प्रतिशत) सामुदायिक विद्यालयमा भर्ना भएको देखिन्छ *(अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०८२/८३)*। निजी विद्यालयमा पढ्ने विद्यार्थीको दर यस्तै रफ्तारमा बढ्ने हो भने केही वर्षभित्रै संस्थागत र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको अनुपात ५०:५० हाराहारीमा पुग्ने देखिन्छ।

सार्वजनिक र निजी शिक्षा प्रणालीले नेपाली समाजलाई स्पष्ट रूपमा विभाजन गरेको छ। नेपालको उच्च र मध्यम वर्गले 'निजी' विद्यालय मात्र रोज्न थालेको छ भने विपन्न वर्गका लागि सामुदायिक विद्यालय बाध्यता बन्न पुगेको छ। बाध्यता यसकारण कि आर्थिक हैसियत/अवसर नभएकाले मात्र उनीहरूले आफ्ना बालबच्चालाई सामुदायिक विद्यालयमा भर्ना गरेका हुन्। गुणस्तरीय पठनपाठन हुने विद्यालय भनेका बोर्डिङ (निजी विद्यालय) हुन् भन्ने भाष्य/मान्यता समाजमा अत्यन्त गहिरोसँग स्थापित हुँदै गएको छ। देशको नीति र समाजका मुद्दालाई प्रभावित गर्न सक्ने वर्गले आफ्ना सन्तान बोर्डिङमा पढाउन थालेपछि सामुदायिक विद्यालयको गुणस्तरमा यो वर्गको चासो रहेन। यसले सरकार र विद्यालयलाई सामुदायिक विद्यालयको सुधार गर्नका लागि जुन स्तरको दबाब आवश्यक थियो, सो भएन। परिणामस्वरुप, बालबच्चा सामुदायिक विद्यालयका पढाउने कि बोर्डिङमा भन्ने विषय अब शिक्षण सिकाइ एवं पठनपाठनको विषयमा मात्र सीमित नभई, यो समाजमा 'इज्जत' को विषय समेत बन्न पुगेको छ।

अरू, केही समय अघिसम्म पनि शहर-गाउँमा भएका सामुदायिक विद्यालय (कलेज पनि) मा समाजका सबै वर्गका छोराछोरी पढ्न जान्थे। विभिन्न वर्गका सदस्यको यो घुलमिलले शिक्षालयहरू एकअर्काका अनुभव साटासाट गर्ने, समस्या बुझ्ने सामाजिक संस्थाको रूपमा उभिएका थिए। तर, शिक्षालय चयनमै हुने विभेदका कारण अबका दिनमा समाजका विभिन्न वर्गका सन्तानहरू बीचमा कुनै पनि किसिमको सम्मिलन नहुने स्थिति खडा भएको छ। समाजमा वर्ग पुनरुत्पादनका मुख्य अवयवको रूपमा अब शिक्षालय भएका छन्। दुर्भाग्य, नेपालको शैक्षिक प्रणाली असमान, बहुरङ्गी र वर्गका आधारित भेदभाव गर्ने प्रणालीमा रूपान्तरित भएको छ।

बढी भए स्कूल

नेपालको सार्वजनिक शिक्षा यसरी कमजोर र अव्यवस्थित हुनुमा आवश्यकभन्दा बढी स्कूलको संख्याले पनि अप्रत्यक्ष रूपमा काम गरेको छ। अहिले मुलुकभर करीब २७ हजार सामुदायिक (परम्परागत स्कूल सहित) स्कूल छन्। बालबालिकाको अनुपातमा सामुदायिक स्कूलको यो संख्या अधिक छ। पछिल्लो समय शहर-बजारमा संस्थागत स्कूल खुल्न थालेपछि शहरी क्षेत्रमा मात्र होइन, शहरोन्मुख ग्रामीण क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्यामा ठूलो गिरावट आएको छ। त्यसैगरी, नेपालमा घट्दो प्रजनन दर र गाउँबाट शहरतर्फको बसाइँसराइ आदि कारणले पहाडी भेगका कतिपय स्कूल बन्द हुने अवस्थामा पुगेका छन्। खुलेका स्कूल खारेज गर्ने या अर्को स्कूलमा 'गाभ्ने' (मर्ज गर्ने) विषय राजनीतिक रूपमा जटिल र सामाजिक न्यायका हिसाबले पेचिलो छ। समुदायका हरेक परिवारका बालबच्चाले आफ्नै गाउँठाउँमा सहज रूपमा गुणस्तरीय शिक्षा पाउने सुनिश्चितता हुनुपर्छ। तर, यो भनेको कुनै समय आवश्यक भएर सामुदायिक पहलमा खोलिएका स्कूल बन्द गर्नै हुँदैन भन्ने पनि होइन।

खासमा अहिले नेपालमा कतिको संख्यामा प्राथमिक, आधारभूत र माध्यमिक विद्यालय चाहिन्छ; यसबारे गम्भीर अध्ययन गर्नुपर्छ। पठनपाठन खासै नहुने; नाममात्रका रुग्ण एवं ससाना र धेरै विद्यालयभन्दा पनि स्रोत र साधनले सम्पन्न सबल सामुदायिक विद्यालय अहिलेको आवश्यकता हो। विशेषगरी, शहरी इलाका जहाँ नजिक नजिक सामुदायिक विद्यालय छन् तर पर्याप्त विद्यार्थी छैनन् ती विद्यालयहरू 'मर्ज' गर्ने नीतिलाई स्थानीय सरकारले अझै गति दिनुपर्छ।

त्यसैगरी, स्कूल खोलेपछि कम्तीमा पनि स्कूल सञ्चालन गर्न सक्ने सक्षम प्रधानाध्यापक/शिक्षक आवश्यक पर्छ। यसका लागि विद्यालयको प्रमुख नेतृत्व गर्ने प्रधानाध्यापक (शिक्षकहरूको पनि) को शैक्षिक योग्यता बारे समेत ध्यान पुऱ्याउनु आवश्यक छ। खासै छलफलमा नआएको विषय भनेको हाम्रा सामुदायिक विद्यालय सञ्चालनको नेतृत्व कस्ता व्यक्तिबाट भइरहेको छ भन्ने हो। राज्यबाट प्रकाशित पछिल्ला तथ्याङ्कले भन्छ– सामुदायिक विद्यालयका प्रअको शैक्षिक योग्यता कमजोर छ। उदाहरणका लागि २०८१/८२ को *फ्लास रिपोर्ट* अनुसार सामुदायिक विद्यालयमा कार्यरत २४ हजार ८३८ प्रधानाध्यापक (प्रअ) मध्ये करीब ४४ प्रतिशतको शैक्षिक योग्यता आईए वा सोभन्दा कम छ। त्यसैगरी, प्राथमिक विद्यालयमा कार्यरत १३ हजार ८६५ प्रअमध्ये करीब ६१ प्रतिशतको शैक्षिक योग्यता आईए वा सोभन्दा कम देखिन्छ। अरू, करीब २ हजार जति विद्यालयका प्रअको शैक्षिक योग्यता केवल कक्षा १० या सोभन्दा पनि कम छ *(हे. तालिका)*।

सामुदायिक विद्यालयका प्रअको शैक्षिक योग्यता बारे शिक्षा विभागबाट प्रकाशित यी तथ्याङ्कले हाम्रा सार्वजनिक शिक्षा कमजोर

> राम्रो पढाइ हुने विद्यालय भनेका निजी बोर्डिङ स्कूल हुन् भन्ने मान्यता समाजमा अत्यन्त गहिरोसँग स्थापित हुँदै गएको छ। परिणामस्वरुप, बालबच्चा सामुदायिक विद्यालयका पढाउने कि बोर्डिङमा भन्ने विषय अब समाजमा 'इज्जत'को विषय समेत बन्न पुगेको छ।

तालिका : सामुदायिक विद्यालयका प्रअको शैक्षिक योग्यता

प्रअको योग्यता	विद्यालयका तह र प्रअको संख्या				जम्मा
	कक्षा १-५	कक्षा ६-८	कक्षा ९-१०	कक्षा ११-१२	
कक्षा १० भन्दा कम	५८	४	१	०	६४
कक्षा १० सम्म	१,५८५ (११.४३%)	२८५	८३	८	१,८७१
आईए	६,८८१	१,४८०	४६४	८४	८,८२८
जम्मा	८,५३५ (६१.५६%)	१,७८८ (४१.०८%)	५४८	९२	१०,८६४ (४४.१४%)
बीए	४,०८२	१,६७१	१,१६८	३४४	७,२७५
एमए	१,२२७	८८५	२,०२४	२,३४८	६,४८५
एमफील	४	५	१८	५८	८६
पीएचडी	७	३	४	१३	२७
जम्मा	५,३३०	२,५६४	३,२१५	२,७६४	१३,८७३
कुल जम्मा	१३,८६५	४,३५३	३,७६३	२,८५६	२४,८३७

स्रोत: शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय-२०८१।

हुनुमा स्कूलका प्रअ/शिक्षकहरूको कमजोर शैक्षिक योग्यताले पनि उल्लेखनीय भूमिका खेलेको छ भन्नुपर्ने हुन्छ। कुनै समय प्राथमिक एवं आधारभूत तहसम्मको विद्यालयमा प्रअ हुनका लागि आईए वा सोसरह पढेको भए पनि हुन्थ्यो होला तर अब त्यो ग्राह्य छैन। प्राथमिक विद्यालय त हो नि? धेरै पढेको प्रअ किन चाहियो भन्ने मानसिकताले विद्यालय शिक्षा सुध्रिदैन। विद्यालय कस्तो बनाउने भन्नेमा सबैभन्दा धेरै भूमिका प्रअको हुन्छ। त्यसैले स्थायी शिक्षकबाटै प्रअ छान्ने हालको प्रचलनलाई भङ्ग गर्दै विद्यालयमा प्रअलाई छुट्टै पदको रूपमा विकास गर्दै विद्यालयको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी दिनुपर्छ।

शिक्षकको खस्कँदो सामाजिक हैसियत

नेपालको शिक्षामा विद्यमान लैङ्गिक, जातीय, वर्गीय तथा भौगोलिक असमानता बारे प्रशस्तै बहस भएको छ। तर, विद्यालयभित्र हुने यस्ता विभेद बारे भने हामीले खासै ध्यान दिएका छैनौं। अलिक ध्यान दिएर हेर्दा हाम्रा सामुदायिक विद्यालयभित्र विभेद/असमानताका पत्रैपत्र भेटिन्छन्। एउटै विद्यालयमा थरीथरीका शिक्षक (स्थायी, अस्थायी, राहत, निजी, अन्य) छन्, उनीहरू बीच तहगत लगायत अन्य प्रकारका असमानता छन्। स्थायीले राहतलाई र राहतले निजी स्रोतमा राखेका अस्थायी प्रकृतिका शिक्षकलाई आफूभन्दा 'तल्लो कोटिका' ठान्छन्। त्यति मात्र होइन, पढाउने विषय (गणित, विज्ञान, अंग्रेजी या नेपाली) र तह (प्राथमिक कि माध्यमिक) अनुसार पनि शिक्षकहरूले आफूलाई विद्यालयमा शक्तिशाली र कमजोर सम्झन्छन्। यतिसम्म कि विद्यालयमा कुन जात, लिङ्ग, राजनीतिक दलको प्रधानाध्यापक छ भन्ने विषयले समेत विद्यालय सञ्चालन प्रक्रियामा प्रभाव परेको देखिन्छ। करीब दुई वर्षअघि मधेश प्रदेशको एक सामुदायिक स्कूलका प्रअले विद्यालय सञ्चालनमा आफूलाई परेको सकस बारे यसरी बताएका थिए– "स्कूलमा शिक्षक जति कथित उच्च जातका छन्, म उनीहरूको जातमा पर्दिनँ, विद्यार्थी जति गरीब र दलित छन्। मैले भनेको कुरा शिक्षकले सुन्दैनन् सर !" विद्यालयको आन्तरिक जीवन जति स्वच्छ, पारदर्शी, विभेदरहित र निष्पक्ष हुन्छ त्यति नै विद्यालयले शैक्षिक प्रगति गर्ने सम्भावना रहन्छ।

केही वर्ष अघिसम्म पनि सामुदायिक विद्यालयका शिक्षक र प्रधानाध्यापकलाई जुन प्रकारको 'सामाजिक हैसियत' प्राप्त थियो त्यो क्रमशः क्षय हुँदै गएको छ। यदि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकका लागि अन्य प्रकारका 'इन्सेटिभ मेकानिजम' निकट भविष्यमा तयार गर्न सकिएन भने क्षमता भएका व्यक्ति सामुदायिक विद्यालयको शिक्षक बन्न सक्ने सम्भावना कम हुँदै जान्छ। अहिले विद्यालय र विश्वविद्यालयमा पढिरहेका अब्बल विद्यार्थीमध्ये अति कमले मात्र सामुदायिक विद्यालयको शिक्षक बन्ने चाहना राख्लान्। यसले, फेरि पनि कमजोर मात्रै शिक्षण पेशामा रहन सक्ने सम्भावनालाई बढाएको देखिन्छ। यदि शिक्षण पेशा नै धरापमा पऱ्यो भने देशको शिक्षा प्रणाली स्वतः धराशायी हुने नै भयो।